# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड - ७ राजापुर नगरपालिका, बैशाख २३ गते २०८१ साल संख्या - १

# भाग २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८१।०१।२१ गते पारित भई नगर प्रमुखबाट मिति २०८१ वैशाख २३ गते प्रमाणिकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८० (दोस्रो संशोधन)

**प्रस्तावना :** लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार तथा नैतिक चरित्रवान नागरिक तयार गर्न यस नगरपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षा विकास गर्न वाञ्छनीय भएकाले राजापुर नगरपालिकाले नेपालको संबिधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूचि ८ को क्रम संख्या ८, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (ज) र सोहि ऐनको दफा १०२ को उपदफा २ बमोजिम र स्थानीय शिक्षा ऐन, २०८० को दफा ३१ को उपदफा १ को व्यबस्था बमोजिम विद्यालयमा दरबन्दी तथा विषयगत शिक्षक व्यवस्थापन तथा कार्यान्वयन गर्न यो शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८० तयार गरी लागु गरिएको छ ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि राजापुर नगरपालिका भर तुरुन्त लागू हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "नगरपालिका" भन्नाले राजापुर नगरपालिका सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले राजापुर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले राजापुर नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(घ) "कार्यपालिकां" भन्नाले राजापुर नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले राजापुर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(च) "नगर शिक्षा समिति" भन्नाले राजापुर नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(छ) "दरबन्दी मिलान" भन्नाले राजापुर नगरपालिका भित्र स्विकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी, राहत, करार *तथा नगर अनुदानका शिक्षक मिलान सम्झनु पर्छ ।

(ज) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (संसोधन सहित) सम्झनु पर्छ ।

(झ) "स्थानीय शिक्षा ऐन" भन्नाले राजापुर नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०८० सम्झनु पर्छ ।

(ञ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ट) "तह" भन्नाले विद्यालयको तह सम्झनु पर्छ ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले सामुदायिक पहलमा स्थापना गरिएका नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमती वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) "नगर शिक्षा प्रमुख" भन्नाले नगरपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मुल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा शाखाको बरिष्ठतम् कर्मचारी सम्झनु पर्छ ।

*................ २०८१ मा संशोधन गरीएको

(ढ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत बुझाउछ ।

(ण) ....................... ✂

(त) “विद्यालय ब्यबस्थापन समिति” भन्नाले यस नगरपालिका भित्रका विद्यालयका विद्यालय ब्यबस्थापन समिति सम्झनु पर्छ ।

(थ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अर्न्तगत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

**विद्यालयगत रुपमा आवश्यक शिक्षक दरबन्दी कायम गर्दा लिइने आधारहरु :**

३. विद्यालय सञ्चालित तह का आधार :

(क) कक्षा १ देखी ५ सम्म चलेको विद्यालयमा विद्यार्थी संख्या २० जना भन्दा कम भएमा न्यूनतम २ जना शिक्षक, २१ देखी ४५ जना सम्म भएमा न्युनतम ३ जना शिक्षक, ४६ देखी ८० जना सम्म भएमा न्युनतम ४ जना शिक्षक, ८१ देखी १५० जना सम्म भएमा न्युनतम ५ जना शिक्षक, १५१ देखी २२५ जना सम्म भएमा न्युनतम ६ जना शिक्षक, २२६ जना भन्दा बढी भएमा न्युनतम ७ जना शिक्षक दरबन्दी कायम गर्ने ।

(ख) ३ जना शिक्षक दरबन्दी भएमा सम्भव भए सम्म १ जना, ५ जना शिक्षक दरबन्दी भएमा सम्भव भएसम्म २ जना महिला शिक्षक ब्यवस्थापन गर्न सकिनेछ ।

(ग) कक्षा ६-८ सञ्चालित विद्यालयमा न्युनतम *४ जना शिक्षक दरबन्दी कायम गर्ने ।

(घ) कक्षा ९-१० सञ्चालित विद्यालयमा न्यनतम *५ जना शिक्षक दरबन्दी कायम गर्ने ।

(ङ) कक्षा ११-१२ सञ्चालित विद्यालयमा *न्युनतम ३ जना शिक्षक दरबन्दी कायम गर्ने ।

➲(१) शिक्षक दरबन्दी मिलान सम्बन्धि व्यवस्था

क. दरबन्दी पुनर्वितरण गर्दा साविकमा रहेको आधारभुत तह कक्षा १ देखि ५, आधारभुत तह कक्षा ६ देखि ८, माध्यमिक तह कक्षा ९ देखि १० र माध्यमिक तह ११ र १२ लाई आधारको रुपमा लिने ।

ख. दरबन्दी पुनर्वितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको स्थायी दरबन्दी, राहत अनुदान, करार अनुदान र नगर अनुदान कोटालाई समेत गणना गर्ने ।

ग. दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण र भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रवर्धनमा जोड दिदै मिलान तथा पुनर्वितरण गर्ने ।

४.विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी कायम गर्दा १ दरबन्दी बराबर ५० जना विद्यार्थीको हिसाबले गणना गर्दा विद्यार्थी सङ्ख्या बढी हुन गएमा बढी भएको विद्यार्थी सङ्ख्याको आधारमा १:३५ शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कायम गर्ने ।

✂ ............. २०८१ को संशोधनद्वारा हटाईएको

*............... २०८१ मा संशोधन गरीएको

➲................. २०८१ को संशोधनद्वारा थप

➲क. दरबन्दी मिलानको क्रममा सेवा अवधी २ वर्ष बाँकी रहेको शिक्षकलाई निजको इच्छा विपरीत स्थानान्तरण गरिने छैन ।

➲ख. माध्यमिक तहमा स्थानान्तरण गर्दा स्नातकोत्तर तह उतिर्ण गरेको, आधारभुत तह (६-८) मा स्नातक तह र आधारभुत तह (१-५) मा प्रविणता प्रमाणपत्र तह (१०+२) उत्तिर्ण नभएको खण्डमा पनि शिक्षकलाई स्थानान्तरण गरिने छ । तर विद्यालय प्रधानाध्यापक ब्यवस्थापन प्रयोजनमा प्रचलित कानून बमोजिम हुनेछ ।

➲ग. एउटै विद्यालयमा २ वा दुई भन्दा बढी शिक्षकको निवेदन पर्न आई निजको जेष्ठता एउटै भएमा निजको निवेदनको साथमा विद्यालय विकास प्रस्ताव अनिवार्य रुपमा पेश गर्नुपर्ने छ र सो विकास प्रस्तावको आधारमा उत्कृष्ट विकास प्रस्ताव पेश गर्ने शिक्षकलाई स्थानान्तरणको प्राथमिकतामा राखिने छ ।

➲घ.आवश्यक्ता अनुसार प्रत्येक वर्ष बैशाख मसान्त भित्र दरबन्दी मिलान गर्न सकिनेछ ।

५. विषयगत आधार :

(१) आधारभूत तह कक्षा ६-८ सम्मका लागि न्यूनतम ४ दरबन्दी देहाय बमोजिम क्मश ब्यबस्थापन गर्ने,

(क) अंग्रेजी बिषय १ दरबन्दी

(ख) गणित/ विज्ञान बिषय - १ दरवन्दी

(ग) नेपाली बिषय - १ दरबन्दी

(घ) सामाजिक विषय - १ दरबन्दी

(२) कक्षा ९-१० सम्मका लागि न्यूनतम ५ दरवन्दी देहाय बमोजिम क्रमशः व्यवस्थापन गर्ने,

(क) अंग्रेजी बिषय १ दरबन्दी

(ख) गणित बिषय - १ दरवन्दी

(ग) विज्ञान विषय १ दरबन्दी

(घ) नेपाली बिषय - १ दरबन्दी

(ङ) सामाजिक विषय - १ दरबन्दी

➲(छ) अघिल्लो शैक्षिक सत्रमा विद्यालयबाट प्रधानाध्यापक एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अधारमा प्रमाणित गरी पठाएको विद्यार्थी संख्यालाई आधार मानिनेछ ।

➲(ज) नगरपालिका भित्र सम्बन्धित सामुदायिक विद्यालयमा सबै तहमा कम्तिमा पनि एक स्वीकृत स्थायी दरबन्दी नभएको अवस्थामा कम्तीमा एक स्वीकृत दरबन्दी सुनिश्चित गर्ने ।

➲(झ) माध्यमिक तहमा नियुक्ति पाई योगयता पुगेका शिक्षकहरुबाट विद्यालयको आवश्यक्ता र कार्यबोझ नबढ्ने गरी (कक्षा ९-१२) शिक्षण ब्यवस्थापन गर्न सकिने ।

➲................. २०८१ को संशोधनद्वारा थप

## परिच्छेद-३

### शिक्षक तथा प्रधानाध्यापक ब्यबस्थापनका आधारहरु

६. यस नगरपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमध्ये स्वीकृत स्थायी शिक्षक दरबन्दी नभएका विद्यालयहरुमा नगरपालिका भित्रका स्वीकृत स्थायी शिक्षक दरबन्दीले खामेसम्म अनिबार्य न्युनतम ........✂ तह १-५ मा *१, तह ६-८ मा १ र तह ९-१० मा १ स्विकृत स्थायी शिक्षक दरबन्दीको व्यबस्था हुने गरी दरबन्दी मिलान गरिनेछ । तर विषयगत दरबन्दी मिलान गर्दा शुद्ध आधारभूत तह संचालन भएका विद्यालयलाई भन्दा १-१० र १-१२ सञ्चालित विद्यालयलाई प्राथमिकता दिइनेछ ।

७. विद्यालयमा तह र विषय मिल्ने गरी दरबन्दी मिलान गरिनेछ ।

८. माथिल्लो तहको योग्यता भएका शिक्षकलाई विद्यालयको आवश्यकता हेरी माथिल्लो तहकै विद्यालयमा व्यवस्थापन गर्न सकिनेछ ।

९. ................................................✂

१०. शिक्षक विद्यार्थी अनुपातमा विद्यालयमा शिक्षक दरबन्दी बढी हुन गएमा उक्त दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दी कायम गरी आवश्यक विद्यालयमा काजमा राख्न सकिनेछ ।

११.प्रधानाध्यापक सम्बन्धि व्यवस्था प्रचलित शिक्षा ऐन अनुसार गरिनेछ ।

➲(१.) दरबन्दी मिलान तथा शिक्षक ब्यवस्थापनका आधारहरु

(क) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनका लागि सम्बन्धित तहको स्थायी शिक्षकहरुबाट स्वेच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आवह्न गरी प्राप्त निवेदनको छानविन गरी शिक्षकको नियुक्ति मितिको जेष्ठता , र निजको अध्यापन गर्ने विषय, कार्यकुसलता र आवश्यक्ता को आधारमा स्थानान्तरण गर्ने । शिक्षकको जेष्ठता सम्बन्धी थप व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) हाल सम्बन्धित तह भन्दा तल्लो तहबाट प्रधानाध्यापकको कामकाज गरेका तर तहगत शिक्षकको ब्यवस्थापन गर्दा प्रधानाध्यापक बाट हटेका शिक्षकले सम्बन्धित तहमा स्थानान्तरण भई जान चाहेमा कार्यरत शिक्षकबाट कार्यक्षमता, कार्यकुसलता र आवश्यक्ताको आधारमा प्राथमिकिकरण गरी स्थानान्तरण गर्ने ।

(ग) खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने ।

(घ) राहत अनुदान स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने ।

(ङ). करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधारले कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(च) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधारले कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(छ) खण्ड -(ग) (घ) (ङ) र (च) बमोजिम शिक्षक स्थानान्तरण गर्दा खुद पुल दरबन्दी वितरण गर्न बाँकी रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने ।

(ज) शिक्षक स्थानान्तरण गर्दा महिला शिक्षकलाई यथाशक्य घरपायक पर्ने गरी स्थानान्तरण गर्ने ।

(झ) परिच्छेद ३ बमोजिम सामुदायिक विद्यालयमा तहगत रुपमा स्थायी, अस्थायी, राहत अनुदान, करार, उच्च माध्यमिक अनुदान र नगर अनुदान शिक्षक कोटा वितरण गर्दा समेत शिक्षक अभाव भएमा नगरपालिकाको अनुदान शिक्षकबाट पुर्ती गरिनेछ ।

द्रष्टव्यः ११ (क) बमेजिम निवेदन दिने शिक्षकको सख्या धेरै हुन आएमा शिक्षकको नियुक्ति मितिको जेष्ठताकै अधारमा स्थानान्तरण गर्ने । यसरी निवेदन माग गर्दा एउटै विद्यालयका बरिष्ठतम् शिक्षकहरुबाट निवेदन आएमा सो विद्यालयको कटौती हुने दरबन्दीमा असर नपर्ने गरी स्थानान्तरण गर्ने । आवश्यक निवेदन नपरेको खण्डमा स्थायी दरबन्दी भएका विद्यालयहरुबाट कटौती गरी स्थानान्तरण गर्ने ।

(२) ११ (क) र द्रष्टब्यमा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय शिक्षाको गुणस्तरीयतालाई मध्यनजर गर्दै दरबन्दी मिलान सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार नगर शिक्षा समितिलाई हुनेछ ।

✂ ............. २०८१ को संशोधनद्वारा हटाईएको

➲................. २०८१ को संशोधनद्वारा थप

## परिच्छेद - ४

**शैक्षिक तथा वैयक्तिक विवरण संकलन**

१२. ..........................३८ यस नगरपालिकामा कार्यरत सम्पुर्ण शिक्षकहरुको तह विषय योग्यता, नियुक्तिको प्रकार ठेगाना लगायतका आवश्यक अन्य शैक्षिक तथा वैयक्तिक विवरण संकलन गरी सरोकारवालाको राय सल्लाह तथा सुझावलाई मनन गर्दै विद्यालय शिक्षाको गुणस्तर प्रवर्धन गर्न यस कार्यविधि बमोजिम नगर शिक्षा समितिले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने छ ।

➲(१) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदल

यस नगरपालिका स्थितका सामुदायिक विद्यालयका शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सहजिकरण गर्नका लागि तपसिल बमोजिमको एक कार्यदल गठन गरिनेछ ।

क. सामाजिक विकास समितिको संयोजक - संयोजक

ख. कार्यपालिकाको सदस्यहरुमध्येबाट न्युनतम १ जना महिला सहित ५ जना सदस्य.

ग. नगर शिक्षक महासंघको पदाधिकारीहरु मध्येबाट ४ जना सदस्य

घ. शिक्षा शाखा प्रमुख- सदस्य सचिव

➲(२) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदलको काम, कर्तव्य र अधिकार

क. यस नगरपालिकामा कार्यरत सम्पुर्ण शिक्षकहरुको तह विषय योग्यता नियुक्तिको प्रकार ठेगाना जन्ममिति लगाएत आवश्यक अन्य शैक्षिक तथा वैयक्तिक विवरण संकलन गरी रुजु गर्ने ।

ख. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा सरोकारवालाहरुसँग सुझाव संकलन गर्ने ।

ग. यस कार्यविधि बमोजिम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धि कार्यका लागी कार्यदलको सुझाव सहितको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

## परिच्छेद - ५

### विविध

१३. विद्यालयको उन्नयन र विकासमा कार्यविधिको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य र दायित्व हुनेछ ।

➲(१) शिक्षक स्थानान्तरण भएको विद्यालयमा जानुपर्ने :- यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

➲(२) विद्यालयमा अनिवार्य रुपमा हाजिर गराउनु पर्ने :- दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकहरुलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्ने छ ।

➲(३) प्रधानाध्यापक जिम्मेवार हुने :- यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकहरुलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकहरुलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

✂ ............. २०८१ को संशोधनद्वारा हटाईएको

➲................. २०८१ को संशोधनद्वारा थप

➲(४) समन्वय र सहजिकरण गर्ने :- दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजिकरण गर्नु पर्नेछ ।

➲(५) समन्वय तथा सहयोग गर्नुपर्ने :- नगर शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघसंगठनहरुले शिक्षक दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि स्थानीय तह तथा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदलले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ ।

➲(६) बाझिएको अमान्य हुने :- यस कार्यविधिको कुनै व्यवस्थामा प्रचलित कानूनसँग बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

१४. यस कार्यविधिका प्रावधानहरुमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ । साथै कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगरकार्यपालिकालाई मात्र हुनेछ ।

१५. ..................... ✂ बाधा अड्चन फुकाउनु परेमा नगरकार्यपालिकाको नीतिगत निर्णय नै अन्तिम हुनेछ ।

➲.................. २०८१ को संशोधनद्वारा थप

✂ ............. २०८१ को संशोधनद्वारा हटाईएको

अनुसूची १

दरबन्दी मिलान कार्यविधि, २०८० अनुसार विद्यालय छनौट निवेदन

विषयः विद्यालय छनौट सम्बन्धमा ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,

राजापुर नगरपालिका,

राजापुर, बर्दिया ।

प्रस्तुत विषयमा यस राजापुर नगरपालिकाको दरबन्दी मिलान कार्यविधि, २०८० अनुसार नगरपालिकाले गर्ने दरबन्दी मिलानमा मैले तपसिल अनुसारको विद्यालयहरु प्राथमिकता गरी छनौट गरेको व्यहोरा अनुरोध छ ।

| क्रस | विद्यालयको नाम | क्रस | विद्यालयको नाम |
|---|---|---|---|
| १ | | १० | |
| २ | | ११ | |
| ३ | | १२ | |
| ४ | | १३ | |
| ५ | | १४ | |
| ६ | | १५ | |
| ७ | | १६ | |
| ८ | | १७ | |
| ९ | | १८ | |

नामः

तह/श्रेणीः

पदः

नियुक्ति मिति :

नियुक्तिको किसिमः

बढुवा मितिः

बिषय :

माथिल्लो शैक्षिक योग्यता :

दस्तखत :

मिति मोबाइल न :

हाल कार्यरत विद्यालय :

ल्याप्चेः

आज्ञाले

.................................

प्रमुख प्रशासकीय अधिकृत